## कम्पनीको शेयर पूजीः अर्थ तथा प्रकार शेयर तथा ऋणपत्र

- कम्पनीको कूल पूजीलाई समान मूल्य भएका ससाना इकाईमा विभाजन गरिएको हुन्छ। तिनै इकाईलाई शेयर भनिन्छ। शेयर पूँजी भन्नाले कम्पनीले जारी गरी प्राप्त गरेको शेयरको रकम लाई बुझिन्छ। अर्थात शेयरवाट प्राप्त रकम नै शेयर पूँजी हो।
- कम्पनीको पूँजीको मूख्य स्रोत शेयर र ऋण पूँजी हो। शेयर विभिन्न किसिमका शेयर जारी गरी संकलन गरिन्छ भने ऋण पूँजी छोटो अवधिको लागि विभिन्न ऋण पत्रहरु जारी गरी संकलन गर्ने गरिन्छ।
- शेयर पूँजी : कम्पनीको मूख्य पूँजीलाई विभिन्न कित्ता शेयरमा विभाजन गरिएको गरिएको हुन्छ। हाम्रो कम्पनी कानुनले "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ भनी परिभाषा गरेको पाइन्छ। शेयरधनीले डिभिडेन्ट प्राप्त गर्ने, साधारण सभामा भाग लिने, मतदान गर्ने अधिकारहरु राख्दछ। नाफामा हिस्सेदार बनी बिचमा खरिद विक्रि समेत भै धरौटी समेत राख्न सक्ने र कम्पनीको विघटनमा मात्र फिर्ता पाउने अवस्था हुन्छ। शेयरधनीमा आफुले लिएको शेयरको अधिकतम् मूल्यसम्म मात्र दायित्व रहन्छ।
- कानून तथा विधानको सीमा भित्र रही कम्पनीले सर्वसाधारणबाट गरिएको लगानी नै शेयर लगानी हो। कम्पनीले शेयरको प्रमाणपत्र जारी गर्दछ, जसमा कम्तिमा सन्चालक र सचिवले दस्तखत गरिएको हुन्छ। शेयर बजारमा सूचिकृत शेयर बजार दलाल मार्फत र खरिद बिक्री भए पश्चात कम्पनीमा दाखिला खारेज गरिन्छ। शेयर लगानीको प्रतिफल स्वरुप प्राप्त हुने नगद आम्दानीलाई डिभिडेन्ड भनिन्छ।

  शेयरधनीले शेयरमा निम्न हक राख्दछ :

  १ डिभिडेण्ड प्राप्त गर्ने अधिकार
  २ Liquidation र पूँजी घटाउँदा सम्पत्ति फिर्ता पाउने अधिकार
  ३ सदस्यताको अधिकार
  ४ शेयर हस्तान्तरणको अधिकार इत्यादि

## Categories of Share Capital

a) **Authorized Capital –** An authorized Capital refers to that amount which is stated in the 'Capital Clause' of the Memorandum if Association as the share capital of the company. This is the maximum limit of the company which is used to authorized to raise and beyond which the company cannot raise unless the capital clause in the Memorandum is altered in accordance with the provisions of the Companies Act.

b) **Issued Capital** – An Issued Capital refers to the nominal value of that part of authorized capital, which has been (i) subscribed for by the signatories to the Memorandum of Association, (ii) allotted for cash or for consideration other than cash and (iii) allotted as Bonus shares.

c) **Subscribed Capital** – Subscribed Capital refers to the paid-up value of the issued capital

S.S.ACADEMY

| Basis of Distinction | Authorized Capital | Issued Capital |
|---|---|---|
| Meaning | It refers to that amount which is stated in the Memorandum of Association as the share capital of the company. | It refers to the nominal value of that part of authorized capital, which has been (i) subscribed for by the signatories to the Memorandum of Association, (ii) allotted for cash or for consideration other than cash |
| Consideration of future requirements | Its amount is determined after considering **present and future requirements**. | Its amount is determined after considering the **present requirements.** |
| Disclosure in Memorandum of Association | Its amount is **required** to be disclosed in Memorandum of Association | Its amount is **not required** to be disclosed in Memorandum of Association |
| Is it the basis of Stamp Duty? | Stamp duty is payable on the basis of **authorized capital.** | It is **not the basis** for calculating **stamp duty.** |
| Is it the basis of Company registration fees? | Company registration fee is payable on the **basis** of authorized capital. | Issued capital is **not the basis** for registration fees. |
| Does the change amount to an alteration of Memorandum? | Any change in the amount of authorised capital **amounts** to an alternation of Memorandum of Association. | Any change in the amount of authorised capital **does not amount** to an alternation of Memorandum of Association. |
| **Whether one can exceed other** | It **can exceed** issued capital. | It **cannot exceed** issued capital. |
| | | |

| Basis of Distinction | Authorized Capital | Paid Capital |
|---|---|---|
| **Meaning** | It refers to that amount which is stated in the Memorandum of Association as the share capital of the company. | It refers to the paid up value of the called up capital |
| **Consideration of future requirements** | Its amount is determined after considering **present and future requirements**. | Its amount is determined after considering the **present requirements.** |

S.S.ACADEMY

| | | |
|---|---|---|
| **Disclosure in Memorandum of Association** | Its amount is **required** to be disclosed in Memorandum of Association | Its amount is **not required** to be disclosed in Memorandum of Association |
| **Is it the basis of Stamp Duty?** | Stamp duty is payable on the basis of **authorized capital.** | It is **not the basis** for calculating **stamp duty.** |
| **Is it the basis of Company registration fees?** | Company registration fee is payable on the **basis** of authorised capital. | Issued capital is **not the basis** for registration fees. |
| **Does the change amount to an alteration of Memorandum?** | Any change in the amount of authorised capital **amounts** to an alternation of Memorandum of Association. | Any change in the amount of authorised capital **does not amount** to an alternation of Memorandum of Association. |
| **Whether one can exceed other** | It **can exceed** issued capital. | It **cannot exceed** issued capital. |

The amounts invested by the share holders towards the face value of shares are collectively known as "share Capital" which is quiet distinct from the capital put in by individual share holders.

**कम्पनीको पूँजीका स्वरुपहरु**

कम्पनीको पूँजीलाई निम्नानुसार वर्गिकरण गर्न सकिन्छ स्

क) अधिकृत पूँजी : कम्पनीले जारी गर्न सक्ने कुल शेयर पूँजीलाई अधिकृत पूँजी भनिन्छ । MoA मा उल्लेख भए बमोजिम अधिकतम शेयर जारी गर्न सकिने पूँजी जुन कम्पनीको जम्मा मूल्य हो, MoA को संशोधन नगरी यो भन्दा बढि शेयर जारी गर्न सकिदैंन ।

ख) जारी पूँजी : कम्पनीले निष्काशन गरेको शेयरको कुल रकमलाई जारी पूँजी भनिन्छ । कम्पनीले पूँजी संकलन गर्ने उद्देश्यले जारी गरिएको पूँजी, जुन अधिकृत पूँजी भन्दा कमी हुन्छ र Memorandum of Association को संशोधन नगरी यो भन्दा बढी शेयर जारी गर्न सकिदैंन ।

ग) आह्वान गरिएको पूँजी (Called Capital) : शेयर कबुल गर्दा दाखिल गर्नुपर्ने गरी माग गरिएको पूँजीलाई Called Capital भनिन्छ । बैंकिङ्ग कम्पनीमा पुरै माग गरिन्छ भने कतिपयमा ५० प्रतिशत मात्र माग गरिएको हुन्छ ।

घ) चुक्ता पूँजी : शेयरधनीद्वारा कम्पनीलाई चुक्ता गरिएको पूँजीलाई चुक्ता पूँजी भनिन्छ । जारी पूँजी मध्येबाट शेयरधनीले यो पूँजीलाई चुक्ता गर्नुपर्दछ । २ करोडको अधिकृत पूँजी भएको कम्पनीको १ करोडको शेयर जारी गरिएकोमा वा र एक करोडको पूरै कबुल गरी त्यस मध्ये केवल ५० लाख मात्र चुक्ता भएको छ भने त्यसलाई चुक्ता पूँजी भनिन्छ ।

ङ) चुक्ता नभएको पूँजी (Unpaid Capital) : कबुल गरेको शेयर मध्ये तत्काल पूरै रकम दाखिल नभएकोमा दाखिल गर्न बाँकी पूँजीलाई चुक्ता गर्न बाँकी पूँजीलाई चुक्तागर्न बाँकी पूँजी भनिन्छ ।

**शेयर (Share)**

शेयरका २ प्रकार हुन्छन

**१.साधारण शेयर (Ordinary /Equity/Common Share )**

S.S.ACADEMY

- साधारण शेयर कुनैपनि कम्पनीको त्यस्तो शेयर हो जसमा संगठनका ऋणदाताहरु र पूर्वाधिकार शेयरधनीहरुलाई क्रमश ब्याज र लाभांश वितरण गरिसकेपछि मात्र बाँकी रहेको नाफा बाँडिन्छ ।यी शेयरहोल्डरहरु व्यबसायका वास्तविक मालिक हुन ।
- कम्पनीले आर्जन गरेको नाफाबाट अग्राधिकार शेयरवालालाई तोकिएको दरमा लाभाशं वितरण गरिसकेपछि बाँकी हुने रकमबाट लाभांश वितरण गरिने गरी जारी गरिएको शेयरलाई साधारण शेयर भनिन्छ ।
- संसारभरी नै बढी प्रचलित शेयर यही नै हो । यस खालका शेयर हाल्डर एकदमै शक्तिशाली हुन्छन् । जसले संचालक सकेत हुने क्षमता राख्दछन् भने अन्तिम समय सम्म कम्पनीको सदस्यता रहि रहन्छ ।
- यस्ता शेयरमा खतरा पनि बढी हुन्छ भने यसबाट हासिल हुने प्रतिफल तथा अवसर पनि अन्यको तुलनामा बढी हुन्छ । कम्पनी खारेजी भएमा सबै दायित्व भुक्तानी भैसकेपछि अन्त्य सम्ममा बाँकी रहेकोबाट वरावरी हिस्सा प्रप्त गर्दछन् ।
- साधारण शेयरको बजारले मूल्य निर्धारण गर्ने र कम्पनीको खारेजी हुँदा मात्र फिर्ता पाउने अवस्था रहन्छ ।

यसका विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ✓ साधारण शेयरले कम्पनीको स्वामित्वलाई जनाउँदछ ।
- ✓ कम्पनीको संचालक समिति चयन गर्न भोट दिने अधिकार हुन्छ ।
- ✓ साधारण शेयरमा दिइने लाभांशको दर निश्चित नहुने र कम्पनीले आर्जन गर्ने नाफाको घटबढ तथा लगानी नीति अनुसार घटिबढी हुन सक्ने हुन्छ ।
- ✓ लाभाशंको रुपमा कम्पनीले साधारण शेयरवालाहरुलाई बोनश शेयर पनि वितराण गर्न सक्ने हुन्छ ।
- ✓ कम्पनी खारेजीमा गएका अवस्थामा डिवेन्चरवालाहरु र अग्राधिकार शेयरवालाहरुलाई भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गरिसकेपछि बाँकी रहेको रकम मात्र शेयरवालाहरुलाई समानुपातिकरुपमा वितरण हो हुँदा साधारण शेयरमा गरिने लगानीलाई जोखिमपूर्ण मानिन्छ ।
- ✓ बढी जोखिम लिइर बढी प्रतिफल प्राप्त गर्न चाहने लगानीकर्ताका लागि यो औजार उपयुक्त हुन सक्छ ।
- ✓ साधारण शेयरको अंकित मूल्यका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा २७ मा व्यवस्था गरिएको छ ।
- ✓ साधारण शेयरवालाहरुको दायित्व उनीहरुले लगानी गरेको रकमसम्म मै सीमित हुन्छ ।

## २. पूर्वाधिकार/अग्राधिकार शेयर (Preference Share)

- निश्चित दरले अन्य शेयरहरुले भन्दा पहिले लाभांश पाउने गरी जारी गरिएको शेयरलाई पूर्वाधिकार शेयर भनिन्छ ।
- यो साधारण शेयर भन्दा डिभिडेन्ड, फिर्ता तथा दावीमा अग्राधिकार राख्ने किसिमको शेयर हो । साधारण शेयर भन्दा पहिले वा निश्चित मात्रामा डिभिडेन्ड पाउने शर्तमा जारी भएका शेयर यस कोटीमा पर्दछन् ।
- कम्पनीको खारेजी हुँदा पहिले भूक्तानी पाउने वा मताधिकारमा पनी अग्राधिकार हुनेगरी पनि यस्ता शेयर जारी गरिन्छ ।
- साधारण शेयरको तुलनामा सुरक्षित लगानी भए पनि डिभिडेन्डको दर निश्चित हुने हुँदा बढी नाफा भएका अवस्थामा सो भन्दा बढी नाफा पाउन सकिन्न तर घाटा हुँदा पनि उसको डिभिडेन्ड निश्चित हुन्छ । तर यसका शर्त तथा अग्राधिकार सम्बन्धमा MOA/AOA तथा सम्झौता बमोजिम हुन्छ । MOA मा उल्लेख नभएसम्म यसलाई साधारण शेयरमा परिवर्तन गर्न सकिदैन ।

**यसका विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।**

- कम्पनीले आर्जन गरेको मुनाफाबाट तोकिएको दरमा लाभांश वितरण गर्ने गरी जारी गरिने शेयर ।
- साधारण शेयर तथा डिवेन्चर दुवैको विशेषता रहने हुदा मिश्रित प्रकृतिको धितोपत्र (Hybrid Security) को रुपमा लिइने ।
- कम्पनीले कुनै वर्ष नाफा आर्जन गर्न नसकेमा अग्राधिकार शेयरवालाहरुले तोकिएको दरमा लाभाशं प्राप्त गर्न नसक्ने ।



S.S.ACADEMY

- कम्पनीले वितरण गर्ने लाभाशं तथा कम्पनी खारेजीमा गएका अवस्थामा वितरण गरिने समपत्तिमा साधारण शेयरवालाको भन्दा अग्राधिकार हुने ।
- तुलनात्मकरुपमा साधारण शेयर भन्दा कम जोखिमपूर्ण मानिने ।
- कम्पनीको वार्षिक साधारण सभामा भाग लिने, संचालकका लागि उम्मेदवारी दिने तथा संचालक नियुक्तिका लागि मतदान गर्ने जस्ता साधारण शेयरवालाहरुको जस्तो अधिकार नहुने ।

**पूर्वाधिकार शेयरका प्रकारहरु**

१.सन्चयी पूर्वाधिकार शेयर (Cumulative Preference Share)

२.असन्चयी पूर्वाधिकार शेयर (Non-Cumulative Preference Share)

३.सहभागी पूर्वाधिकार शेयर (Participating Preference Share)

४.असहभागी पूर्वाधिकार शेयर (Non- Participating Preference Share)

५.शोध्य पूर्वाधिकार शेयर (Redeemable Preference Share)

६.अशोध्य पूर्वाधिकार शेयर (Irredeemable Preference Share)

७.परिवर्तनीय पूर्वाधिकार शेयर (Convertible Preference Share)

८.अपरिवर्तनीय पूर्वाधिकार शेयर (Non-Convertible Preference Share)

साधारण शेयर र पूर्वाधिकार शेयरका भिन्नताहरु

| आधार | साधारण शेयर (Common Share) | पूर्वाधिकार शेयर (Preference Share) |
|---|---|---|
| लाभांश | पूर्वाधिकार शेयरको लाभांश वितरण पछि मात्र यसको लाभांश वितरण गरिन्छ । | साधारण शेयरको लाभांश भन्दा पहिले वितरण गरिन्छ । |
| पूँजीको पूनः भूक्तानी | कम्पनी विघटन भएमा पूर्वाधिकार शेयर फिर्ता भएपछि मात्र साधारण शेयरको रकम भूक्तानी गरिन्छ । | साधारण शेयर भन्दा अगाडि पूर्वाधिकार शेयर फिर्ता गरिन्छ । |
| लाभांशको दर | साधारण शेयरमा निश्चित दर तोकिएको हुदैन । | यसमा निश्चित दर तोकिएको हुन्छ । |
| लाभांशको संचिति | नोक्सानी भएको वर्षमा संचिति नहुने । | नोक्सानी भएको वर्षमा संचिति गरी नाफा भएको वर्ष भूक्तानी गरिन्छ । |
| परिवर्तनशीलता | यो शेयर परिवर्तनीय हुदैन | यो शेयर परिवर्तनीय हुनसक्छ । |
| शोध्य (Redeemability) | यो शेयर शोध्य हुन सक्दैन । | यो शेयर शोध्य हुन सक्छ । |
| मतदानको अधिकार | साधारण सभामा मतदानको अधिकार प्राप्त हुन्छ । | साधारण सभामा मतदानको अधिकार प्राप्त हुदैन । |

**डिबेन्चर / ऋणपत्र (Debenture)**

- सामान्यतया व्यवसायिक कम्पनीलाई दीर्घकालीन ऋणको आवश्यकता पर्दा जारी गरीने धितोपत्रलाई ऋणपत्र भनिन्छ ।

S.S.ACADEMY

- ऋणपत्र लिखित कागजात हो जसमा ऋणपत्र सम्वन्धी सम्पूर्ण शर्तहरु ऋणको रकम, व्याजदर, साँवा फिर्ता गर्ने समय प्रक्रिया आदि सम्पुर्ण शर्त र व्यवस्था उल्लेख गरिएको हुन्छ ।
- ऋण पत्रमा बोण्ड तथा ऋण लिएका लागि जारी गरीएका अन्य प्रतिभुतिहरु समावेश गरीन्छ ।
- ऋणको आवश्यकता पुरा गर्न गरिने पत्रलाई ऋणपत्र भनिन्छ । दिर्घकालिन पुँजीको आवश्यकता पर्दा यस्तो ऋण पत्र जारी गरिन्छ पूर्व निर्धारित दरमा व्याज भुक्तानी गर्नुपर्ने शर्त रहेको हुन्छ ।
- शेयर गरी जारी गरिने त्यस्तो प्रमाणपत्र हो जसमा ऋणका शर्त, ब्याज, फिर्ता हुने अवधि ईत्यादि उल्लेख गरिएको हुन्छ ।
- डिबेन्चर स्टक, बण्ड तथा धितो राखी वा नराखी कम्पनीले सिर्जना गरेका अन्य प्रकारका धितोपत्रहरु यसमा पर्दछन् ।
- डिबेन्चर (ऋणपत्र) जारी गर्दा पनि शेयर जस्तै सबै प्रक्रिया पूरा गरिन्छ ।
- शेयर झैँ हस्तान्तरण हुन सक्ने ऋणपत्र विवरण-पत्र जारी गरेरमात्र निश्कासन गर्नुपर्ने हुन्छ ।
- यो शेयर जस्तै शेयर बजारबाट खरिद बिक्रि पनि हुन्छ । कहिलेकाहीँ परिवर्तनीय ऋणपत्र जारी गर्दछ, जुन निश्चित समय पश्चात शेयरमा परिणत हुन्छन् । ऋणपत्र जारी गर्दा कम्पनीको सम्पत्तिमा एक किसिमको तरंग (Charge) सिर्जना हुन्छ जसलाई Floating Charge भनिन्छ ।
- त्यस्तो charge कम्पनी खारेजीमा जाने अवस्थामा वा निर्दिष्ट अवस्थामा त्यस्ता सबै खाले सम्पत्ति माथि पारदर्शिता (cristalize) हुन्छ ।

**डिवेञ्चर/ऋणपत्रका महत्व**

(क) कमव्याजदर
(ख) विक्रि गर्न सकिने
(ग) पूँजी संरचनामा लोच
(घ) पूँजी फिर्ता गर्न सकिने
(ङ) व्यवस्थापनमा हस्तक्षेप नहुने
(च) इक्विटी व्यापारको सुविधा
(ज) जोखिम रहित लगानी

**डिवेञ्चर/ऋण पत्रका प्रकार**

(१) शोध्य ऋणपत्र : निश्चित अवधिको लागि जारी गरिएको सावाँ व्याज फिर्ता गरिने
(२) अशोध्य ऋणपत्र : कम्पनीको जीवनकाल भरिको लागि जारी विघटन हुँदा मात्र दिइने
(३) वाहक ऋणपत्र : ऋणपत्र हो । व्याज र साँवा फरक पक्षलाई दिन सकिने
(४) रजिष्टर्ड ऋणपत्र
(५) असुरक्षित ऋणपत्र
(६) सुरक्षित ऋणपत्र
(७) पहिला ऋणपत्र -विघटन भएमा पहिलो प्राथमिकता भएको
(८) दोस्रो ऋणपत्र - विघटन भएमा पहिलो पछि भुक्तानी
(९) परिवर्तनीय ऋणपत्र
(१०) अपरिवर्तनीय ऋणपत्र

**साधारण शेयर र ऋणपत्रमा भिन्नता**

S.S.ACADEMY

| साधारण शेयर (**Ordinary Share**) | डिवेञ्चर ( **Preference Share)** |
|---|---|
| सवै शेयरलाई लाभांश वितरण गरेपछि मात्र लाभाश पाउने गरी जारी गरिएको | यसमा लाभांश नदिई निश्चित दरमा व्याज दिइन्छ |
| यो स्वामित्व पुँजी हो । यसका धनीहरु कम्पनीका वास्तविक मालिक हुन्छन् । | यो ऋण पुँजी हो । यसका खरिदकर्ता ऋणदाता मात्र हुन । |
| सञ्चालन समितिका मात्र लिन पाउने | यस्तो अधिकार नहुने |
| यो स्थायी पूँजी हो फिर्ता गर्नु पर्दैन । | यो परिपक्व अवधि सँगै यसको अंकित मुल्य समेत भुक्तानी गर्नुपर्दछ । |
| यसमा लाभांश दर निश्चित हुदैन । | एउटा निश्चित दर हुन्छ । |

S.S.ACADEMY